# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २७ ] काठमाडौं, जेठ २४ गते २०३४ साल [ संख्या ८


श्री ५ को सरकार

**अर्थ मन्त्रालयको**

**सूचना**

सवारी साधन कर नियमावली, २०३४

सवारी साधन कर ऐन, २०३१ को दफा १४ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सवारी साधन कर नियमावली, २०३४" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो नियमावलीमा–

(क) 'ऐन' भन्नाले सवारी साधन कर ऐन, २०३१ सम्झनुपर्छ ।

(ख) 'दर्ता' भन्नाले सवारीसम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम भएको दर्ता सम्झनुपर्छ ।

३. सवारी साधनको विवरण दिनेः (१) कर लाग्ने सवारी साधनका धनीले सो सवारी साधन दर्ता गराउनुभन्दा अगावै र दर्ता भई सकेको भए सवारी साधन कर दाखिल गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्ने म्याद अगावै अनुसूची १ बमोजिमको ढाँचामा आवश्यक विवरण भरी कर अधिकृत छेउ दाखिल गर्नु पर्नेछ ।

तर यो नियमावली प्रारम्भ हुनुभन्दा अगावै सवारी साधनको विवरण दाखिल गरी सकेका सवारी साधनका धनीले पुनः विवरण दाखिल गर्नु पर्ने छैन ।

(२) उप–नियम (१) बमोजिम सवारी साधनको विवरण प्राप्त भएपछि कर अधिकृतले सो विवरण आफै जाँच्न वा कुनै विशेषज्ञद्वारा जाँच्न लगाउन सक्नेछ । यसरी सवारी साधनको विवरण जाँच गर्दा सवारी साधन दर्ता हुन बाँकी भए सवारी साधनसमेत कर अधिकृतसमक्ष वा निजले तोकेको विशेषज्ञसमक्ष दाखिल गराई विवरण भिडाउन सकिनेछ । दर्ता भइसकेको सवारी साधन भए दर्ताको प्रमाण–पत्र (ब्ल्यू बूक) सित उक्त विवरण भिडाउन सकिनेछ ।

४. कर निर्धारण गर्नेः नियम ३ को उप–नियम (२) बमोजिम सवारी साधनको विवरण जाँच भिडान गर्दा विवरण ठीक देखिएमा कर अधिकृतले सवारी साधनमा लाग्ने कर निर्धारण गरिदिनेछ र यसरी कर निर्धारण भएपछि करदाताले ऐनको म्यादभित्र कर बुझाउनु पर्नेछ ।

५. कर तिरेको प्रमाण–पत्र दिनेः (१) करदाताले ऐन तथा यो नियमावलीबमोजिम कर बुझाएपछि कर अधिकृतले अनुसूची २ मा तोकिएको ढाँचाको कर तिरेको प्रमाण–पत्र दिनेछ ।

(२) कर तिरेको प्रमाण–पत्र पाएका करदाताले अर्को आर्थिक वर्षको लागि कर तिर्नु पर्ने भएमा निजले सवारी साधनको विवरण पुनः पेश गर्नुपर्ने छैन र सोही प्रमाण–पत्रको आधारमा कर तिर्न सक्नेछ। करदाताले कर बुझाएपछि कर अधिकृतले सो प्रमाण–पत्रमा कर बुझाएको व्यहोरा जनाउने छ ।

(३) कर तिरेको प्रमाण–पत्र हराएमा वा नासिएमा करदाताले सो कुरा उल्लेख गरी अर्को प्रमाण–पत्रको लागि कर अधिकृतसमक्ष निवेदन दिन सक्नेछ। यसरी निवेदन परेमा कर अधिकृतले सो कुरा हेरी ठीक देखेमा निवेदकलाई अर्को प्रमाण–पत्र दिन सक्नेछ।

६. कुनै पनि कर कार्यालयमा कर बुझाउन सकिनेः नियम ५ बमोजिम कर तिरेको प्रमाण–पत्र पाएका करदाताले आफ्नो सवारी साधनमा लागेको कर कुनै पनि कर कार्यालयमा बुझाउन सक्नेछ । यसरी एक क्षेत्रको करदाताले अर्को क्षेत्रको कर कार्यालयमा कर दाखिल गरेमा सो कर कार्यालयले सम्बन्धित क्षेत्रको कर कार्यालयलाई सो कुराको सूचना गर्नु पर्नेछ ।

७. सवारी साधनको नामसारीको सूचना गर्नु पर्नेः (१) कर लाग्ने सवारी साधन कसैलाई बेचबिखन गरी वा अन्य कुनै व्यहोराले नामसारी गरी दिंदा सवारी साधनको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८०

धनीले आफ्नो साथमा रहेको कर तिरेको प्रमाण–पत्र नामसारी गरिएको व्यक्तिलाई बुझाई पन्ध्र दिनभित्र सो कुराको सूचना कर अधिकृतलाई दिनु पर्नेछ ।

(२) कर लाग्ने सवारी साधनको धनीको मृत्यु भई सो सवारी साधन निजको हकवालाले आफ्नो नाममा नामसारी गर्दा पनि निजले सो कुराको सूचना नामसारी गरेको मितिले पन्ध्र दिनभित्र कर अधिकृतलाई सूचना गर्नु पर्नेछ ।

(३) उप-नियम (१) र (२) बमोजिम नामसारीको सूचना प्राप्त भएपछि कर अधिकृतले सो सवारी साधन उक्त धनीको नामबाट लगत कट्टा गर्नु पर्नेछ र सवारी साधन नामसारी गरिलिने व्यक्तिको नाममा लगत चढाई राख्नु पर्नेछ । कर तिरेको प्रमाण–पत्रमासमेत कर अधिकृतले नामसारीको व्यहोरा जनाई दिनु पर्नेछ ।

८. <u>बिग्रेको सवारी साधनको लगत कट्टा गर्नेः</u> बिग्री काम नलाग्ने वा प्रयोग गर्न नसकिने भएको सवारी साधनको लगत कर कार्यालयबाट कट्टा गराउन परेमा सवारी साधनको धनीले सो सवारी साधन काम नलाग्ने वा प्रयोग गर्न नसकिने भएको कुरा उल्लेख गरी कर अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । यस्तो निवेदन परेमा कर अधिकृतले सो कुरा जाँची ठीक देखेमा त्यस्तो सवारी साधनको लगत कट्टा गर्नेछ ।

तर यसरी कर कार्यालयबाट लगत कट्टा गराउन सवारी साधनको दर्ताको लगतसमेत कट्टा भएको हुनु पर्नेछ ।

९. <u>करको छुटः</u> देहायका सवारी साधनमा कर लाग्ने छैन,

(क) श्री ५ को सरकारको स्वामित्वमा रहेको सवारी साधन,

(ख) कुटनैतिक नियोग तथा कुटनैतिक सुबिधा प्राप्त व्यक्तिहरूको नाममा दर्ता भएको सवारी साधन ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९८१

अनुसूची – १

(नियम ३ (१) संग सम्बन्धित)

श्री कर अधिकृत

कर कार्यालय . . . . . . . . . . . .

विषय:– सवारी साधनको विवरण

महाशय,

सवारी साधन कर नियमावली, २०३४ को नियम ३ बमोजिम मेरो स्वामित्वमा भएको सवारी साधनको निम्नबमोजिमको विवरण भरी पेश गरेको छु। विवरण झुट्ठा ठहरे ऐनबमोजिम सहुँला बुझाउँला ।

(१) सवारी साधनको धनीको नाम र ठेगाना :–

(२) सवारी साधनको दर्ता नम्बर :–

(३) सवारी साधनको किसिम (जीप, कार, स्टेशनवाइगन, पिकअप, मिनिबस, मोटर साइकल, टेम्पो आदि ) :–

(४) सवारी साधन भाडावाल वा निजी प्रयोगको :–

(५) सवारी साधनको निर्माता (कम्पनी) को नाम :–

(६) सवारी साधनको मोडेल :–

(७) सवारी साधन बनेको साल :–

(८) सवारी साधनको प्राविधिक विवरण :–

(क) इन्जीन मोडेल . . . . .टाइप . . . . . .सि.नं. . . . . . .

(ख) डिजेल वा पेट्रोल के बाट चल्ने . . . . . . . . . . . . . . . . . . . .

(ग) सवारी साधनको कुल क्षमता सी.सी.मा . . . . . . . . . . . .

(घ) च्यासीस मोडेल . . . . . .टाइप . . . . . सि.नं. . . . . . .

सवारी साधनको धनीको नाम थर

. . . . . . . . . . . . . .

वतन . . . . . . . . . .

मिति :– . . . . . . . . . . . . . . . विवरण दाखिल गर्नेको दस्तखत

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची–२

(नियम ५ (१) संग सम्बन्धित)

सबारी साधन कर तिरेको

प्रमाण–पत्र

श्री ५ को सरकार

अर्थ मन्त्रालय, कर बिभाग

कर कार्यालय........

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दर्ताको बिबरण

सबारी साधनको दर्ता नम्बर.......

सवारी साधनको दर्ता मिति......

सबारी साधनको धनीको नाम, थर, बतन...............

...............

कर अधिकृत

द्रष्टव्य:–

(दर्ता नभएको सवारी साधन भए दर्ता भएपछि दर्ता नम्बर र दर्ता मिति भर्ने)।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८४

## नामसारीको विवरण

(१)

मितिः–

नाम, थरः–

वतनः–

कर अधिकृत

(२)

मितिः–

नाम, थरः–

वतनः–

कर अधिकृत

(३)

मितिः–

नाम, थरः–

वतनः–

कर अधिकृत

(४)

मितिः–

नाम, थरः–

वतनः–

कर अधिकृत

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सबारी साधनको प्राविधिक
## विवरण

१. सबारी साधनको

(क) किसिमः–
(ख) निर्माता (कम्पनी)ः–
(ग) मोडेलः–
(घ) बनेको सालः–
(ङ) च्यासीस नम्बरः–

२. इन्जीनको

(क) निर्माता (कम्पनी)ः–
(ख) मोडेलः–
(ग) सिलिण्डर संख्याः–
(घ) सी. सी.ः–
(ङ) पेट्रोल वा डिजेलः–
(च) इन्जीन नं.ः–
(छ) ब्रेक हर्स पावर (डी. आई. एन.)
आर. पी. एम.ः–

३. कैफियतः

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सवारी साधन कर तिरेको विवरण:–

| आर्थिक वर्ष | कर | जरीवाना | जम्मा | नेपाल राष्ट्र बैङ्क दाखिला मिति | कर अधिकृतको दस्तखत र मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सवारी साधन कर सम्बन्धी

## केही जानकारीहरू

१. प्रत्येक सालको श्रावण १ गतेको दिनमा जुन व्यक्तिको नाममा सवारी साधन दर्ता रहेको हुन्छ सोही व्यक्तिबाट सो आर्थिक वर्षको सवारी साधन कर असूल गरिनेछ ।

२. सवारी साधनको धनीले यस्तो करको रकम सोही सालको पौष मसान्त वा दर्ता नवीकरण गराउनु पर्ने म्याद जुन अघि पर्छ सो म्यादभित्र बुझाइसक्नुपर्छ ।

३. सवारी साधन कर नबुझाई सवारी साधनको दर्ता, नवीकरण वा नामसारी हु सक्ने छैन ।

४. दाखिला गर्नु पर्ने सवारी साधन कर तोकिएको म्यादभित्र नबुझाएमा म्याद नाघेको पहिलो तीस दिनसम्मलाई कर रकमको पाँच प्रतिशतसम्म, त्यसपछिको पैंतालीस दिनसम्मको लागि कर रकमको दश प्रतिशतसम्म र त्यसपछि सो आर्थिक वर्षको अन्त्यसम्मलाई कर रकमको बीस प्रतिशतसम्मको दरले जरीवाना लाग्नेछ ।

५. यस्तो कर तथा जरीवानाको रकम तोकिएको म्यादभित्र नबुझाएमा कर लागेको सवारी साधन रोक्का गरी उक्त सवारी साधन लिलाम बिक्री गरी कर तथा जरीवानाको रकम असूल उपर गरिनेछ ।

६. सो सवारी साधन लिलाम बिक्री गर्दा पनि सबै रकम उपर हुन नसकेमा प्रचलित नेपाल काननबमोजिम सवारीधनीको जायजात गरी असूल उपर गरिनेछ ।

आज्ञाले–
नरकान्त अधिकारी
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८८